स्थानीय राजपत्र

मिचैंया नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या ७६ कार्तिक २३ गते २०८० साल

भाग-२

मिचैंया नगरपालिका

रामनगर मिचैंया,सिरहा

सूचना न.७६

# मिचैंया नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः

नगरपालिकाबाट सञ्चालित योजना तथा अनुगमन र सुपरिवेक्षण नियमित, व्यवस्थित र प्रभावकारी तुल्याउन कार्यविधि तयार गरी लागु गर्न आवश्यक भएकोले मिचैंया नगरपालिकाको प्रशासकिय कार्यविधि(नियमित गर्ने) ऐन ,२०८० को दफा ४ बमोजिम मिचैंया नगरपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "मिचैंया नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०८०" रहेको छ ।

(ख ) यो कार्यविधि मिचैंया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछी लागू हुनेछ ।

(ग) यो कार्यविधि मिचैंया नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

(क) "कार्यपालिका" भन्नाले मिचैंया नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) "नगरपालिका " भन्नाले मिचैंया नगरपालिका सम्झनुपर्छ ।

(ग) "समिति" भन्नाले दफा ५ बमोजिमको नगर स्तरीय अनुगमन समिति र दफा ६ बमोजिमको वडा स्तरीय अनुगमन समितिलाई सम्झनुपर्छ ।

(घ) "प्रमुख " भन्नाले मिचैंया नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "अनुगमन" भन्नाले नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह उचित ढंगले भए, नभएको वा उद्देश्य अपेक्षित नतिजा हासिल भए नभएको सम्बन्धमा निरन्तर वा आवधिक रूपमा गरिने निगरानी, सूचना सङ्कलन, विश्लेषण तथा सुधारात्मक कार्य सम्झनु पर्छ ।

(च) "आयोजना" भन्नाले मिर्चैया नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण कार्य सम्झनुपर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैरसरकारी एवम् सामुदायिक संस्थाबाट मिर्चैया नगरपालिकासँग सहकार्य गरी वा मिर्चैया नगरपालिका मार्फत गरेको विकास निर्माण कार्य समेतलाई जनाउनेछ ।

(छ) "कार्यक्रम" भन्नाले मिर्चैया नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रम सम्झनुपर्छ र सो शब्दले संघीय तथा प्रदेश सरकार र गैरसरकारी एवम् सामुदायिक संस्थाबाट आफैं वा मिर्चैया नगरपालिका मार्फत सञ्चालित कार्यक्रम समेतलाई जनाउनेछ ।

(ज) "प्रतिवेदन" भन्नाले समितिबाट पेश गरिने अनुगमन तथा सुपरिवेक्षण कार्यको नतिजा समावेश गरिएको दस्तावेज सम्झनुपर्छ ।

(झ) "विषयगत समिति" भन्नाले मिर्चैया नगर सभाबाट गठन गरिएका विषयगत जिम्मेवारी तोकिएका समिति सम्झनुपर्छ ।

(ञ )"सुपरिवेक्षण" भन्नाले अपेक्षित नतिजा हासिल गर्न यस कार्यविधि बमोजिम समिति वा सो कामको निमित्त जिम्मेवार कर्मचारी वा पदाधिकारीबाट गरिने स्थलगत निरीक्षण वा चेकजाच, रेखदेख सम्बन्धी कार्य सम्झनुपर्छ

(ट )"संयोजक" भन्नाले यस कार्यविधि बमोजिमको अनुगमन तथा सम्झनुपर्छ ।

(ठ ) "नागरिक समाज " भन्नाले नगरपालिका क्षेत्र भित्र नागरिक समाजको रुपमा दर्ता भएका वा नभएका नागरिक अधिकारका लागि क्रियाशील संस्था वा व्यक्ति सम्झनुपर्छ ।

## परिच्छेद-२

## अनुगमन तथा सुपरिवेक्षण उद्देश्यः

**३. यस अनुगमन कार्यविधिको उद्देश्यहरू देहाय बमोजिम रहेका छनः**

(क) अनुगमन समितिको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने, प्रासिको औजारका रूपमा अपनाउने,

(ख) अनुगमन तथा सुपरीवेक्षण कार्यलाई परिणाम र उपलब्धी प्राप्तिको औजारका रुपमा अपनाउने,

(ग) स्थानीय आयोजना र कार्यक्रम कार्यान्वयनमा स्रोत साधन र लाभग्राहीहरूको अपेक्षाबीच सन्तुलन कायम गर्ने,

(घ) अनुगमन कार्यमा संलग्न व्यक्ति वा समूहलाई मार्गदर्शन गर्दै अनुगमन प्रक्रियालाई पारदर्शी र नियमित बनाउने ।

(ङ) दीगो विकासका लागि आयोजनाको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने।

४. **अनुगमनका लागि आयोजना तथा कार्यक्रमको वर्गीकरणः** (१) अनुगमन तथा सुपरीवेक्षणका लागि आयोजना तथा कार्यक्रमहरूलाई विषयगत क्षेत्रका आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ

(क) पूर्वाधार विकास आयोजनाहरू

(ख) क्षमता अभिवृद्धि र सीप विकाससम्बन्धी कार्यक्रमहरू,

(ग) स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने आयोजना र कार्यक्रमहरू

(घ) वडास्तरीय आयोजना तथा कार्यक्रमहरू ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत आयोजना र कार्यक्रमहरूको प्राथमिकता निर्धारण गरी अनुगमन गरिनेछ ।

५. **नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति** (१) नगरपालिकाको कार्य विभाजन नियमावली अनुसार नगरस्तरीय योजना, आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरीवेक्षणका लागि देहाय बमोजिमको एक गरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन हुनेछः

(क) उप-प्रमुख -संयोजक

(ख) कार्यपालिकाले तोकेको कार्यपालिकाका एकजना महिला सदस्यसहित दुइजना -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) शाखा प्रमुख, योजना तथा अनुगमन शाखा संयोजक -सदस्य-सचिब

(२) उपदफा (१) बमोजिम गठित अनुगमन सुपरिवेक्षण समितिमा नगरपालिकाका प्रतिनिधि, नागरिक समाज, सञ्चारकर्मी र योजना र कार्यक्रमबाट लाभान्वित हने व्यक्तिहरू मध्येबाट समेत प्रतिनिधित्व रहने गरी आमन्त्रित सदस्यको रूपमा तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कामलाई छिटोछरितो बनाउन सम्बन्धित प्राविधिक वा विज्ञहरूसँग परामर्श लिन वा विषयगत टोली/कार्यदलहरू गठन गरी आवश्यक सहयोग लिन सक्नेछ ।

(४) यस दफा बमोजिम स्थलगत अनुगमन गर्दा सम्वन्धित योजना तथा कार्यक्रम कार्यान्वयन वा सुपरिवेक्षणमा संलग्न कर्मचारीलाई सहभागी गराउनु पर्नेछ ।

(५) समितिको बैठकको कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ ।

६. **वडास्तरीय अनुगमन समितिः** (१) वडास्तरमा सञ्चालन गरिने योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनका लागि देहाय बमोजिमको वडास्तरीय अनुगमन समिति रहनेछः-

(क) सम्बन्धित वडाको वडाध्यक्ष -संयोजक

(ख) वडा समितिका ४ जना सदस्यहरु -सदस्य

(ग) वडा सचिव -सदस्य-सचिव

(२) वडास्तरीय अनुगमन समितिले आवश्यकता अनुसार सम्बन्धित योजना हेर्ने प्राविधिक कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) वडास्तरीय अनुगमन समितिले अनुगमनको क्रममा देखिएका विषयका सम्बन्धमा समितिलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ ।

७. **उपभोक्ता समितिबाट अनुगमन गर्नेः** (१) तोकिएको गुणस्तर तथा परिमाण कायम गरी निर्धारित समयमा योजना सम्पन्न गर्न उपभोक्ताहरुको भेलाबाट कम्तीमा एक जना महिला सहित बढीमा पाँच सदस्यीय अनुगमन समिति गठन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समिति गठन गर्ने कार्य उपभोक्ता समिति गठन गर्दा कै समयमा गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम गठित अनुगमन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) योजनाको कार्यान्वयनमा देखिएका वाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सहजीकरण गर्ने,

(ख) योजना कार्यान्वयन तोकिएको परिमाण, गुणस्तर र कार्यतालिका अनुसार भए नभएको यकीन गर्ने र नभएको अवस्थामा सम्बन्धित पक्षलाइ सचेत गराउने,

(ग) समिति र वडास्तरीय अनुगमन समितिबाट गरिने अनुगमन तथा सुपरीवेक्षणमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) योजनाको सफल कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

(४) उपभोक्ता समितिले योजनाको अन्तिम भुक्तानी माग गर्दा यस दफा बमोजिमको अनुगमन समितिको प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

८. **अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार** (१) योजना तथा कार्यक्रमबाट अपेक्षा गरिएको नतिजा प्राप्तिका लागि सहजीकरण गर्ने अनुगमन तथा सुपरिवेक्षण समितिको प्रमुख जम्मेवारी हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कामका अतिरिक्त अनुगमन तथा सुपरिवेक्षण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने :-

(क) नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रम अनुगमनका लागि वार्षिक कार्यतालिका तयार गरी कार्यपालिकालाई जानकारी दिने,

(ख) कार्यतालिका अनुसार नियमित र आवश्यकता अनुसार आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने,

(ग) अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समितिका कृयाकलापहरुमा विज्ञलाई संलग्न गराउने,

(घ) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने,

(ङ) आयोजनाको कार्यान्वयन तालिका अनुसार काम भए, नभएको यकिन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सो गर्न लगाउने,

(च) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान, सुपरीवेक्षण गर्नु पर्नेमा सो अनुरूप गरे नगरेको विषयमा अनुगमन गरी आवश्यक निर्देशन दिने,

(छ) निर्धारित गुणस्तर अनुसार काम भए वा नभएको सम्बन्धमा आवश्यक सुपरीवेक्षण गर्ने,

(ज) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयनको प्रगति भए वा नभएको सम्बन्धमा आवश्यक अनुगमन गर्ने,

(झ) कुनै योजना अथवा कार्यक्रमको बजेट, नामाकरण, बजेट शीर्षक, बजेट रकमान्तर गरी संशोधन गर्नु पर्ने भएमा अनुगमन गरी नगर कार्यपालिका समक्ष सिफारिश गर्ने,

(ञ) विषयगत शाखा र अन्य क्षेत्रबाट सञ्चालित कार्यक्रमका आयोजनाको समेत अनुगमन तथा सुपरीवेक्षण गर्ने.

(ट) गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रम वा आयोजनाको प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ठ) समितिले आवश्यक ठानेका अन्य योजना तथा कार्यक्रमहरू नियमितरूपमा अनुगमन तथा सुपरीवेक्षण गर्ने ।

९. **अनुगमन तथा सुपरिवेक्षण प्रक्रियाः** (१) समितिले अनुगमन तथा सुपरीवेक्षणको कार्य गर्दा सामान्यतया तालिका बनाई गरी आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा संलग्न पदाधिकारी तथा लाभग्राहीहरूलाइ पूर्व सूचना दिई गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयनका सम्बन्धमा प्राप्त सुचना र अनुगमन सुपरिवेक्षण तत्काल गर्न पर्ने अवस्था परेका खण्डमा भने कार्यतालिका निर्धारण गरि सो कार्यान्वयन स्थलमा अनुगमन तथा सुपरिवेक्षण गर्न सकिनेछ ।

(३) अनुगमन तथा सुपरीवेक्षणको कार्यक्रम र त्यस सम्बन्धी तालिकाबारे समितिले कार्यपालिकालाई जानकारी दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुगमन तथा सुपरिवेक्षण तालिका प्राप्त भएपछि नगर कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) अनुगमन समितिले सम्बन्धित नगरपालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्दी उम्मेदवार वा दलसँग समेत छलफल गरी पृष्ठपोषण प्राप्त गर्न सक्नेछ ।

(६) अनुगमन समितिले नगर क्षेत्रभित्र सञ्चालित आयोजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिबेक्षणको क्रममा देहायका मध्ये कुनै वा सबै विधि अवलम्बन गर्न सक्नेछः

(क) कार्यान्वयनमा संलग्न व्यक्ति समूह वा निकायबाट नियमित प्रतिवेदन लिने,

(ख) स्थलगत अवलोकन गर्ने,

(ग) सरोकारवालाहरूसँग छलफल आयोजना गर्ने,

(ङ) सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई आयोजना गर्ने,

(च) आयोजनाको प्राविधिक परिक्षण गर्ने,

(छ) सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा समितिले उपयुक्त ठहर गरेका अन्य विधिहरू ।

**१०. अनुगमन तथा सुपरिवेक्षण तालिका तयार गर्नुपर्नेः** (१) अनुगमन तथा सुपरिवेक्षण समितिले आयोजना कार्यक्रमहरूको अनुगमनका लागि आयोजना कार्यान्वयन तालिका अनुरूप हुने गरी वार्षिक अनुगमन तालिका तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको तालिकालाई अनुगमन समितिबाट निर्णय गराई कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको तालिका उपर आवश्यक छलफल गरी कार्यपालिकाले स्वीकृति गर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत तालिका समग्र रूपमा आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयनकर्ता उपभोक्ता समिति, निर्माण ब्यसायी, आपूर्तिकर्ता, सेवा प्रदायक संस्था र सम्बन्धित वडा समितिलाई अग्रिम रूपमा जानकारीको लागि उपलब्ध गराउनेछ ।

**११. अनुगमन कार्यको खर्च र बन्दोवस्तीः** (१) अनुगमन तथा सुपरिवेक्षण तालिका बमोजिम समितिले अनुगमन परिवेक्षण सम्बन्धी खर्च नगरसभाले पारित गरेबमोजिम हुनेछ ।

(२) अनुगमन तथा सुपरिवेक्षणमा संलग्न टोली सदस्यहरूको सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) कार्यपालिकाले अनुगमन तथा सुपरीवेक्षणसम्बन्धी कार्यको सञ्चालन गर्ने, अनुगमन प्रतिवेदनको नभिलेख राख्ने र अनुगमनबाट प्राप्त पृष्ठपोषणलाई लिखित रूपमा कार्यान्वयनकर्ता समक्ष प्रेषित गर्ने कार्यका लागि छुट्टै शाखा वा अधिकारीलाई जिम्मेवारी तोक्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकामा अनुगमन सम्बन्धी कामका लागि बेग्लै शाखा वा एकाइ रहेको अवस्थामा उपदफा (३) बमोजिमको कार्य जिम्मेवारी सोही शाखा वा एकाइको हुनेछ ।

१२. **पूर्वाधार विकास योजनाको अनुगमनः** (१) समितिले पूर्वाधार विकास सम्बन्धी योजनाको प्रकृति र आकार हेरी सम्भव भएसम्म निर्माण कार्य प्रारम्भ हुनु पूर्व, निर्माणाधीन अवस्था र निर्माण सम्पन्न भएपछि गरी तीन चरणमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण कार्य प्रारम्भ हुनु अघि गरिने अनुगमन देहायका विषयमा केन्द्रित रही अनुसूची-१ को ढाँचामा गर्नु पर्नेछः

(क) बजेट रकमको आकार (योजनाको स्वीकृत लागत र लागत व्यहोर्ने स्रोत)

(ख) योजना कार्यान्वयन गरिने स्थान,

(ग) लाभग्राही समुदायका सरोकारका विषयहरु,

(घ) निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण, डिजाइन, गुणस्तर,

(ङ) आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्तिको आपूर्ती स्रोत र सोको गुणस्तर,

(च) स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन तथा जोखिम ।

(३) समितिले पूर्वाधार योजनाको निर्माणधीन अवस्थामा देहायका विषयमा केन्द्रित रही अनुसूची-२ को ढाँचामा अनुगमन गर्नुपर्नेछः-

(क) योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत अनुरुप भए नभएको, र समय

(ख) योजना कार्यान्वयनमा देखिएका बाधा अवरोध,

(ग) सम्झौताका शर्तको पालना,

(घ) समितिले आवश्यक देखेका अन्य विषयहरु ।

(४) उपदफा (३) बमोजिमको अनुगमन गर्दा त्यस्तो योजना वा कार्यक्रम कम्तीमा पचास प्रतिशत भन्दा बढी निर्माणकार्य सम्पन्न भैसकेको हुनु पर्नेछ ।

(५) समितिले पूर्वाधार योजनाको निर्माण कार्य सम्पन्न भएपछि देहायका विषयमा केन्द्रित रही अनुसूची -३ बमोजिमको ढाँचामा अनुगमन गर्नुपर्नेछः-

(क) आयोजना स्वीकृत कार्यक्रम, लागत स्टीमेट तथा डिजाइन अनुसार सम्पन्न भए/नभएको,

(ख) स्वीकृत लागत अनुमान र समय तालिका अनुसार काम सम्पन्न भए/नभएको,

(ग) निर्माण कार्यको गुणस्तर र समय,

(घ) डिजाइन वा लागतमा परिवर्तन भएको भए सो को औचित्य र स्वीकृतिको अवस्था,

(ङ) योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए/नभएको,

(च) योजनामा तोकिए बमोजिमको लागत सहभागिता र सम्झौताका शर्तको पालना भए/नभएको,

(छ) कार्यान्वयनकर्ताको कार्यदक्षता र तत्परता के कस्तो छ,

(ज) कार्यान्वयनमा के कस्ता समस्या र बाधा व्यबधानहरु देखिएका छन् र तिनको समाधानका निमित्त के कस्ता उपायहरु अवलम्बन गर्नु पर्छ ।

(झ) योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना ।

१३. **चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास कार्यक्रमको अनुगमनः** (१) चेतनामूलक, क्षमता अभिवृद्धि र सीप विकास सम्बन्धी कार्यक्रमको प्रगति अनुगमन गर्दा अनुसूची-४ बमोजिमको कार्यक्रम लागत, सहभागीता, समयावधि, सिकाईका विषयवस्तु र लाभग्राहीको पृष्ठपोषण जस्ता विषय समावेश गर्नु पर्नेछ (२) उपदफा (१) बमोजिमको अनुगमन कार्य गर्दा त्यस्तो आयोजना वा कार्यक्रम कम्तीमा पचास प्रतिशत भन्दा बढी भाग कार्यान्वयनमा आइसकेको हुनु पर्नेछ । वडास्तरीय आयोजनाको अनुगमन सम्बन्धित वडाको वडा समितिले अनुगमन गरी सो को प्रतिवेदन सहित नगर स्तरिय अनुगमन समितिमा पठाउनुपर्ने छ ।

१४ **स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको अनुगमनः** समितिले स्वरोजगार तथा उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको प्रगति अनुगमन गर्दा लाभग्राही समूदायले नगरपालिकाबाट प्राप्त ऋण वा अनुदानको मात्रा, प्रदान गरिएका यन्त्र औजार र उपकरण तथा प्राविधिक सहायताको प्रकृति, प्राप्त सहायताको उपयोगको अवस्था, लाभग्राहीको संख्या, सहभागिलाई उपलब्ध गराइएको सहयोगको पर्याप्तता जस्ता विषयमा केन्द्रित रही अनुसूची-५ बमोजिमको ढाँचामा अनुगमन गर्नु पर्नेछ ।

१५. **अनुगमनको तयारीः** (१) समितिको सदस्य-सचिवले समितिका पदाधिकारीलाई स्थलगत अनुगमनमा जानु अघि अनुगमन गरिने योजना तथा कार्यक्रम, जाने र फर्किने समय, भ्रमणको सवारी साधन लगायतका विषयमा जानकारी दिनु पर्नेछ ।

(२) स्थलगत अनुगमन गर्दा समितिले योजना तथा कार्यक्रमसँग सम्बन्धित लागत अनुमान, सम्झौता जस्ता कागजातहरु तथा अनुगमन स्थलको जानकारी लिने तस्वीर खिच्नको लागि क्यामेरा लगायतका साधनको समेत सुनिश्चितता गर्नु पर्नेछ ।

(३) सदस्य-सचिवले अनुगमनको क्रममा योजना तथा कार्यक्रम कार्यान्वयनमा संलग्न उपभोक्ता समिति वा निर्माण व्यवसायी, लाभग्राही समुह र सुपरिवेक्षणको लागि जिम्मेवारी तोकिएको कर्मचारीलाई अनुगमन स्थलमा उपस्थितिको लागि पूर्व सूचना गर्नु पर्नेछ ।

(४) समितिले स्थलगत अनुगमन गर्दा प्रमुखलाई समेत अग्रिम जानकारी दिनु पर्नेछ।

(५) समितिले स्थलगत अनुगमनको क्रममा नगरपालिका वा वडाको निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी रहेका उम्मेद्वार वा दलसँग आवद्ध व्यक्ति वा पदाधिकारीलाई समेत सम्लग्न गराई पृष्ठपोषण प्राप्तः गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अनुगमनको क्रममा सम्वन्धित योजना वा कार्यक्रमको अवस्था झल्किने गरी लिइएका तस्वीर समेत संलग्न गर्नु पर्नेछ ।

**१६. अनुगमन र सुपरीवेक्षणको प्रतिवेदन पेश गर्नु पर्नेः** (१) समितिले अनुगमन सम्पन्न भएपश्चात बैठक बसी छलफल गर्ने र सो छलफल तथा स्थलगत अनुगमनबाट सङ्कलन गरिएका सूचना तथा विवरण समेतका आधारमा प्रतिवेदन तयार गरी अनुगमन सम्पन्न भएको मितिले सात दिनभित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) यस दफा बमोजिमको अनुगमन प्रतिवेदन सदस्य-सचिवले तयार गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम तयार भएको प्रतिवेदन समितिका संयोजक मार्फत छलफलको निमित्त कार्यपालिका बैठकमा प्रस्तुत गरिनेछ ।

(४) अनुगमन तथा सुपरीवेक्षणमा जाँदा अनुगमनकर्ता, सदस्य र सम्बन्धित आयोजना वा कार्यक्रमको अवस्था झल्किने तस्वीर अनुगमन प्रतिवेदनमा संलग्न गर्नु पर्ने छ ।

(५) आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी गर्दा अनुगमन प्रतिवेदन अनिवार्य रूपमा संलग्न हुनुपर्नेछ ।

(६) वडास्तरीय आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी वडा समितिको सिफारिस अनुसार हुनेछ ।

(७) अन्तिम किस्ता भूक्तानी दिनुअघि अनुगमन प्रतिवेदनमा निर्देशन गरिएका विषयमा सम्बन्धित कार्यान्वयनकर्ताले सुधार गरेको हुनुपर्नेछ ।

(८) अनुगमन प्रतिवेदन बेगर समितिका पदाधिकारीलाई कुनै किसिमको भत्ता सुविधा उपलब्ध गराइने छैन ।

(९) समितिले दफा ६ बमोजिम वडास्तरीय अनुगमन समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भएका विषयलाई समेत आफ्नो प्रतिवेदनमा समावेश गर्न सक्नेछ ।

**१७. प्रतिबेदन उपर कार्यबाही** (१) समितिले पेश गरेको प्रतिवेदन उपर कार्यपालिकाको वैठकमा कम्तीमा दुई महिनामा एक पटक छलफल गर्ने व्यबस्था मिलाउनु पर्नेछ

(२) समितिको प्रतिबेदनको आधारमा कार्यपालिकाले योजना कार्यान्वयनमा देखिएका त्रुटीहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न उपभोक्ता समिति, निर्माण व्यबसायी, परामर्शदाता तथा सम्बद्ध कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यपालिकाबाट दिइएका निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तब्य हुनेछ ।

**१८. भुक्तानी गर्दा ध्यान दिनुपर्नेः** (१) कार्यालयले योजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी गर्दा समिति वा वडास्तरीय अनुगमन समिति र उपभोक्ता समिति अन्तर्गतको अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदन संलग्न गर्नुपर्नेछ ।

(२) योजना वा कार्यक्रमको अन्तिम किस्ता भूक्तानी दिनु अघि अनुगमन प्रतिवेदनले औंल्याएका गम्भीर प्रकृतिका विषयहरुमा आवश्यक सुधार गरेको व्यहोरा सम्बन्धित प्राविधिकबाट सुनिश्चित गरिएको हुनु पर्नेछ ।

**१९.अनुगमन गर्नसक्नेः** (१) ) यस कार्यविधिमा अन्यत्र जुनुसुकै कुरा लेखिएको भएता पनि कार्यापालिका तथा प्रमुखले नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको आवश्यकता अनुसार स्थलगत अनुगमन गर्न सक्नेछ ।

(२) समितिले वडास्तरीय अनुगमन समितिबाट अनुगमन गरिने योजना तथा कार्यक्रमको समेत आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ ।

**२०. आचार सहिताः** अनुगमनकर्ताले देहायको आचार सहिता पालन गर्नु पर्ने छः-

(१) कुनै किसिमको निहित स्वार्थ नराखि वा बिना पूर्वाग्रह पारदर्शि, वस्तुगत र निष्पक्ष रूपमा काम गर्नु पर्नेछ ।

(२) अनुगमन गर्दा देखिएको वस्तुगत यथार्थलाई प्रतिवेदनमा समेटेको हुनु पर्नेछ ।

(३) अनुगमन तथा सुपरिवेक्षणको प्रतिवेदन व्यक्ति विशेषमा केन्द्रित नभई संस्थागत विषय र विषयगत विषयमा केन्द्रित हुनु पर्नेछ ।

(४) अनुगमन प्रतिवेदन सुधार र पृष्ठपोषणको लागि सहयोगी हुने गरी तयार गर्न पर्ने छ ।

## परिच्छेद-३
## विविध

२१. **सिद्धान्त पालना गर्न पर्ने**ः (१) वडास्तरीय समितिबाट गरिने अनुगमनमा यस कार्यविधिमा अवलम्बन गरिएका सिद्धान्तलाई पालना गर्नुपर्नेछ ।

(२) वडास्तरीय समितिले अनुगमन गरी तयार गरेको प्रतिवेदनको एक प्रति अनुगमन सम्पन्न भएको सात दिनभित्र नगरस्तरीय अनुगमन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) समितिले आयोजना तथा कार्यक्रमको स्थलगत अनुगमन गर्दा यस कार्यविधिमा भएको व्यवस्था अनुरूप विवरण सङ्कलनका लागि अलग्गै चेकलिष्ट तयार गर्नुपर्नेछ ।

२२. **कार्यविधिमा संशोधनः** समितिले अनुगमन गर्दा प्राप्त गरेको अनुभवका आधारमा कार्यपालिकाले समय समयमा यस कार्यविधिमा आवश्यक परिमार्जन वा हेरफेर तथा अनुसूचीमा थपघट वा संशोधन गर्न सक्नेछ ।

२३. **बाधा अडकाउ फकाउने**ः यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार समितिको सिफारिसमा कार्यपालिकालाई हुनेछ ।

# अनुसूची-१
## (दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

मिर्चैया नगरपालिका,रामनगर मिर्चैया,सिरहा

पूर्वाधार विकास सम्बन्धी योजनाको कार्य प्रारम्भ हुनु पूर्व गरिने अनुगमनमा प्रयोग गरिने ढाँचा

| क्र.सं. | . शिर्षक | विवरण |
|---|---|---|
| १ | अनुगमन गरिने योजनाको वा कार्यक्रमको नामः | |
| २ | योजना स्थल/ ठेगाना | |
| ३ | अनुगमन मिति | |
| ४ | संलग्न टोली सदस्यहरूको नाम | |
| ५ | योजनाको स्वीकृत लागत अनुमान | |
| ६ | सम्झौता रकम रु | कुल सम्झौता रकम रु<br>जनसहभागिता/लागत सहभागिताको रकम रु............. |
| ७ | बहुवर्षीय योजनाको हकमा | कुल लागतः ..........चालु आ.व.को विनियोजन................. |
| ८ | योजना सम्झौता मितिः | |
| ९ | योजना शुरु तथा सम्पन्न हुने मिति | हुने मितिः ...........सम्पन्न हुने मितिः........ |
| १० | लाभान्वित जनसंख्या | |
| ११ | कार्यान्वयन गर्ने निकायको नाम, सम्पर्क व्यक्ति र सम्पर्क नम्बर | |
| १२ | निर्माण गरिने संरचनाको किसिम, आकार वा परिमाण | |
| १३ | संरचना निर्माण भए डिजाइन अनुसारको फाउण्डेशन भए नभएको | |
| १४ | आवश्यक पर्ने निर्माण सामग्री तथा जनशक्ति आपूर्तीको स्रोत र सोको गुणस्तर | |
| १५ | भौगोलिक एवं वातावरणीय जोखिम | |
| १६ | स्वीकृत लागत अनुमान तथा डिजाइनमा आउन सक्ने संभावित परिवर्तन तथा जोखिम | |
| १७ | लाभग्राही समुदायको सरोकारको धारणा र सुझाव विषय | |
| १८ | संलग्न प्राविधिकको धारणा | |
| १९ | नागरिक समाज र राजनैतिक दलका प्रतिनिधिको धारणा | |
| २० | समिति/अनुगमनकर्ताको टिप्पणी र सुझाव | |

| | | |
|---|---|---|
| २१ | फोटोग्राफ | |

१.उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजना भए उपभोक्ता समितिको अध्यक्षको नाम र सम्पर्क नम्बर राख्ने, गैरसरकारी संस्था/सामुदायिक संस्थाबाट कार्यान्वयन भएको योजना भए सम्बन्धित संस्थाको तर्फबाट तोकिएको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर र निर्माण व्यवसायीबाट कार्यान्वयनको भएको योजना भए सम्बन्धित निर्माण व्यवसायीको तर्फबाट तोकिएको सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर उल्लेख गर्ने।

२.वातावरणीय मूल्याङ्कन गर्नुपर्ने योजना भए सो बमोजिम मूल्याङ्कन भए नभएको र योजनाबाट अन्य सिंचाई, खानेपानी, सडक जस्ता स्थानीय सार्वजनिक पूर्वाधार तथा निजी भौतिक पूर्वाधारमा क्षती पुग्न सक्ने अवस्था भए नभएको उल्लेख गर्ने ।

३.समिति/अनुगमनकर्ताको टिप्पणी, र , सुझाव र निर्देशनः

अनुगमन गर्ने पदाधिकारीहरु

क. नामः.......................................... पदः........................... दस्तखतः

ख. नामः........................................... पदः........................... दस्तखतः

ग. नामः.......................................... पदः........................... दस्तखतः

घ. नामः........................................... पदः........................... दस्तखतः

ङ. नामः........................................... पदः........................... दस्तखतः

अनुसूची २

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

मिर्चैया नगरपालिका,रामनगर मिर्चैया,सिरहा

पूर्वाधार विकास सम्बन्धी योजनाको कार्य निर्माणाधिन अवस्थामा गरिने अनुगमन प्रतिवेदनको ढाँचा

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नाम | |
| आयोजना कार्यक्रमको ठेगाना : | |
| अनुगमन गरेको मिति | |
| कार्यान्वयन कर्ताको नाम | |
| कार्यान्वयन शुरु मिति (योजना निर्माण शुरु मिति) | |
| योजना सम्पन्न भएको मितिः | |
| सम्पन्नतामा लाग्न सक्ने थप अवधि | |
| सम्झौता रकम रु | हालसम्मको भुक्तानी रु |
| भौतिक प्रगतिः | प्रतिशतमा |
| परियोजनाको लागत थपघट हुने अवस्था | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरू | |
| योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुप सम्पन्न भए नभएको | |
| योजना कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना भए नभएको उपभोक्ताहरुको लागत सहभागिताको अवस्थाः | |
| निर्माण कार्यको अवस्था :<br>(क) निर्माणस्थलमा आवश्यक निर्माण सामग्रीको उपलब्धता भए /नभएको<br>(ख) उपलब्ध निर्माण सामग्री तोकिएको गुणस्तर बमोजिम भए /नभएको<br>(ग) गुणस्तर परीक्षण भए /नभएको र भएको भए सोको नतिजा<br>(घ) आवश्यक जनशक्तिको पर्याप्तता भए /नभएको<br>(ङ) मेशीनरी औजार र उपकरण व्यवस्थापनको अवस्था | |
| लाभग्राहीहरूको धारणा र अपेक्षा | |
| शुरुवाती डिजाइनमा हेरफेर भएको भए सो को विवरण, औचित्य र स्वीकृतिको अवस्थाः (तस्विर सहित) | |

| | |
|---|---|
| योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको | |
| कार्यान्वयनका क्रममा अब सुधार गर्नुपर्ने (बुँदागत उल्लेख गर्ने) | |
| उपभोक्ता समिति अन्तर्गत रहेको अनुगमन समितिको निर्णय तथा सुझाव | |
| स्थानीय उपभोक्ता/नागरिकहरुको धारणा वा वा प्रतिकृया | |
| अभिल्लो अनुगमनको क्रममा अवस्थाः( दिइएका सुझावको कार्यान्वयनको) | |
| फोटोग्राफ | |
| सम्वद्ध विषयगत कर्मचारीको राय कमेन्ट | |

समिति/अनुगमनकर्ताको टिप्पणी, र , सुझाव र निर्देशनः

अनुगमन गर्ने पदाधिकारीहरु

क. नामः........................................... पदः........................... दस्तखतः

ख. नामः........................................... पदः........................... दस्तखतः

ग. नामः........................................... पदः........................... दस्तखतः

घ. नामः........................................... पदः........................... दस्तखतः

ङ. नामः........................................... पदः........................... दस्तखतः

अनुसूची-३
(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)
मिर्चैया नगरपालिका,रामनगर मिर्चैया,सिरहा
पूर्वाधार योजनाको निर्माण कार्य सम्पन्न भएपछि अन्तिम अनुगमन प्रतिवेदनको ढाँचा

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नाम | |
| आयोजना कार्यक्रमको ठेगाना : | |
| कार्यान्वयन कर्ताको नाम | |
| कार्यान्वयन शुरु मिति (योजना निर्माण शुरु मिति) | |
| योजना सम्पन्न भएको मितिः | |
| सम्पन्नतामा लाग्न सक्ने थप अवधि | |
| सम्झौता रकम रु | हालसम्मको भुक्तानी रु |
| भौतिक प्रगतिः | प्रतिशतमा |
| परियोजनाको लागत थपघट हुने अवस्था | |
| लाभान्वित हुने परिवार संख्या | |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरू | |
| योजना कार्यान्वयन तोकिएको गुणस्तर, लागत र समय अनुरुप सम्पन्न भए नभएको | |
| योजना कार्यान्वयनमा गरिएका सम्झौताका शर्तको पालना भए नभएको उपभोक्ताहरुको लागत सहभागिताको अवस्थाः | |
| लाभग्राहीहरूको धारणा र अपेक्षा | |
| शुरुवाती डिजाइनमा हेरफेर भएको भए सो को विवरण, औचित्य र स्वीकृतिको अवस्थाः (तस्विर सहित) | |
| योजनाबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्था भए नभएको | |
| भौगोलिक एवं वातावरणीय प्रभाव | |
| लक्षित समूहको उत्थानमा पुग्ने योगदान | |
| कार्यान्वयनका क्रममा अब सुधार गर्नुपर्ने (बुँदागत उल्लेख गर्ने) | |
| सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गरे नगरेको | |
| उपभोक्ता समिति अन्तर्गत रहेको अनुगमन समितिको निर्णय तथा सुझाव | |
| स्थानीय उपभोक्ता/नागरिकहरुको धारणा वा वा प्रतिकृया | |

| | |
|---|---|
| अभिल्लो अनुगमनको क्रममा अवस्थाः( दिइएका सुझावको कार्यान्वयनको) | |
| कार्यान्वयन कर्तालाई विशेष सुझाव | |
| फोटोग्राफ | |
| सम्वद्ध विषयगत कर्मचारीको राय कमेन्ट | |

समिति/अनुगमनकर्ताको टिप्पणी, र , सुझाव र निर्देशनः

अनुगमन गर्ने पदाधिकारीहरु

क. नामः.......................................... पदः........................... दस्तखतः

ख. नामः..........................................पदः........................... दस्तखतः

ग. नामः.......................................... पदः........................... दस्तखतः

घ. नामः..........................................पदः........................... दस्तखतः

ङ. नामः.......................................... पदः........................... दस्तखतः

अनुसूची-४
(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)
मिर्चैया नगरपालिका,रामनगर मिर्चैया,सिरहा
चेतनामुलक,क्षमता अभिवृद्धि र सीप विकास,गर्ने आयोजना र कार्यक्रमहरुको अनुगमनको ढांचा

| | |
|---|---|
| अनुगमन गरिने आयोजना कार्यक्रमको नाम | |
| आयोजना कार्यक्रम हुने स्थान | वडा न.: स्थानः |
| अनुगमन मिति | |
| संलग्न टोली सदस्यहरूको नाम | |
| कार्यक्रमको लागत अनुमान | |
| कार्यान्वयन कर्ताको नाम | |
| कार्यान्वयन शुरु मिति | |
| परियोजना पूरा हुने मिति | |
| कार्यक्रमको प्रकृति | क.चेतनामूल ख.क्षमता अभिवृद्धि ग. सीप विकास |
| कार्यक्रमको कुल लागत रु | क.कार्यालयबाट उपलब्ध हुने रकम रु....... <br> ख. कार्यान्यन गर्ने निकायको लागत सहभागितार रु........ <br> ग.अन्य निकायबाट प्राप्त सहयोग रु <br> घ.लाभग्राहीको सहभागिता रु. |
| लाभान्वित हुने परिवार संख्या | क.महिला ...पुरुष...... जम्मा ....... <br> ख.दलित.. जनजाती... मधेशी.... अल्पसंख्यक मुस्लिम.... अपांग.... ब्राह्मण-क्षेत्री... जम्मा.... |
| कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरू | |
| कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताका सर्तको पालनाः भएको/नभएको | |
| कार्यक्रमको खाका (लाभग्राही, कार्यान्वयन तरिका, समय र लागत) मा परिवर्तन भएको भए सो को औचित्य र स्वीकृतिको अवस्थाः | |
| कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः भए/नभएको | |
| योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना | |
| लाभग्राहीहरूको धारणा र अपेक्षा | |
| सिकाई र प्राप्तिको स्तर | |
| सुधार गर्नुपर्ने | |
| कार्यान्वयन कर्तालाई अनुगमन समितिको सुझाव | |

| | |
|---|---|
| फोटोग्राफ | |
| संलग्न शाखा प्रमुखको राय | |

समिति/अनुगमनकर्ताको टिप्पणी, र , सुझाव र निर्देशनः

अनुगमन गर्ने पदाधिकारीहरु

क. नामः.......................................... पदः........................... दस्तखतः

ख. नामः...........................................पदः........................... दस्तखतः

ग. नामः.......................................... पदः........................... दस्तखतः

घ. नामः...........................................पदः........................... दस्तखतः

ङ . नामः..........................................पदः........................... दस्तखतः

## अनुसूची-५
(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)
मिर्चैया नगरपालिका,रामनगर मिर्चैया,सिरहा

### स्वरोजगार,उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धन गर्न आयोजना र कार्यक्रमहरु अनुगमनको ढांचा

<table>
<tr><td>अनुगमन गरिने आयोजना कार्यक्रमको नाम</td><td></td></tr>
<tr><td>आयोजना कार्यक्रम हुने स्थान</td><td>वडा न.: स्थानः</td></tr>
<tr><td>अनुगमन मिति</td><td></td></tr>
<tr><td>संलग्न टोली सदस्यहरूको नाम</td><td></td></tr>
<tr><td>कार्यक्रमको लागत अनुमान</td><td></td></tr>
<tr><td>कार्यान्वयन कर्ताको नाम</td><td></td></tr>
<tr><td>कार्यान्वयन शुरु मिति</td><td></td></tr>
<tr><td>परियोजना पूरा हुने मिति</td><td></td></tr>
<tr><td>कार्यक्रमको प्रकृति</td><td>क.चेतनामूल ख.क्षमता अभिवृद्धि ग. सीप विकास</td></tr>
<tr><td>कार्यक्रमको कुल लागत रु</td><td>क.कार्यालयबाट उपलब्ध हुने रकम रु.......<br>ख. कार्यान्यन गर्ने निकायको लागत सहभागितार रु........<br>ग.अन्य निकायबाट प्राप्त सहयोग रु<br>घ.लाभग्राहीको सहभागिता रु.</td></tr>
<tr><td>लाभान्वित हुने परिवार संख्या</td><td>क.महिला ...पुरुष...... जम्मा .......<br>ख.दलित.. जनजाती... मधेशी.... अल्पसंख्यक मुस्लिम....<br>अपांग.... ब्राह्मण-क्षेत्री... जम्मा....</td></tr>
<tr><td>कार्यालयबाट सामग्री उपलब्ध गराईएको भए</td><td><table><tr><td>सामग्रीको विवरण</td><td>परिणाम</td><td>उपयोगको अवस्था</td><td>कैफियत</td></tr><tr><td></td><td></td><td></td><td></td></tr><tr><td></td><td></td><td></td><td></td></tr><tr><td></td><td></td><td></td><td></td></tr></table></td></tr>
<tr><td>कार्यान्वयनमा संलग्न हुने अन्य निकायहरू</td><td></td></tr>
<tr><td>कार्यक्रम कार्यान्वयनमा गरिएका सम्झौताका सर्तको पालनाः भएको/नभएको</td><td></td></tr>
<tr><td>कार्यक्रमको खाका (लाभग्राही, कार्यान्वयन तरिका, समय र लागत) मा परिवर्तन भएको भए सोको औचित्य र स्वीकृतिको अवस्थाः</td><td></td></tr>
<tr><td>कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त हुन सक्ने अवस्थाः भए/नभएको</td><td></td></tr>
<tr><td>योजनाको समग्र उपलब्धिको अवस्था र दीगोपना</td><td></td></tr>
</table>

| | |
|---|---|
| लाभग्राहीहरूको धारणा र अपेक्षा | |
| सिकाई र प्राप्तिको स्तर | |
| सुधार गर्नुपर्ने | |
| कार्यान्वयन कर्तालाई अनुगमन समितिको सुझाव | |
| फोटोग्राफ | |
| संलग्न शाखा प्रमुखको राय | |

समिति/अनुगमनकर्ताको टिप्पणी, र , सुझाव र निर्देशनः

अनुगमन गर्ने पदाधिकारीहरु

क. नामः.......................................... पदः.......................... दस्तखतः

ख. नामः..........................................पदः.......................... दस्तखतः

ग. नामः.......................................... पदः.......................... दस्तखतः

घ. नामः.......................................... पदः.......................... दस्तखतः

ङ .नामः.......................................... पदः.......................... दस्तखतः

आज्ञाले,
बिष्णु रंजन बराल
प्रमुख प्रशासकिय अधिकृत